गाउँ सभाका सभाध्यक्ष ज्यू,
सभाका सम्पूर्ण सम्मानित सदस्यहरू,

१ सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्नेगरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम संघीय शासन प्रणालीबाट गठित स्थानीय सरकारका नागरिकको प्रतिनिधिमूलक यस गरिमामय गाँउ सभामा तिला गाउँपालिकाको आर्थिक वर्ष ०७७०७८ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा म खुशी ब्यक्त गर्न चाहान्छु।

२) यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्याय र विभिन्न प्रदेश तथा स्थानीय तह निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहुने व्यक्तित्वहरूको स्मरण गर्दै उहाँहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

३) नेपाल सरकारले ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक र प्रशासनिक नक्सा अद्यावधिक गरी सार्वजनिक गर्दै राष्टपतिद्धारा प्रमाणीकरण गरेकोमा जुम्लाको तिला गाउँपालिका स-धन्यवाद सहित उच्च सम्मान ब्यक्त गर्दछ।

४, विश्वब्यापी रूपमा फैलिएको कोभिड(१९) महामारीले सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाएको छ। यसबाट स्वदेश र विदेशमा ज्यान गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजनप्रति समवेदना अर्पण गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम महामारीबाट जीवन रक्षाका लागि सरकारबाट लिइएको नीतिको परिपालनाका लागि सबैलाई धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन समेत अपिल गर्दछु।

५, कोभिड(१९) बाट उत्पन्न संकट व्यवस्थापन गर्न स्थानीय सरकार उच्च प्राथमिकताका साथ सक्रिय छ। विदेशमा तथा तिला गाउँपालिका बाहिर रहेका र घर फिर्ता हुन प्रयत्नरत तिलाबासीको मानवीय संवेदनालाई उच्च महत्व दिदै गन्तव्यसम्म पुग्न सहजीकरण, गाउँपालिका प्रवेश हुने नाकामा स्वास्थ्य जाँचका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको परिचालन, जिल्लास्तरीय तथा स्थानीय तह स्तरीय क्वारेन्टिनको व्यवस्था, राहत वितरण, स्वास्थ्य संस्थामा आइसोलेसन कक्ष निर्माण, आवश्यक औषधी, स्वास्थ्य सामग्री र आवश्यक पूर्वाधारको शीघ्र विकासका लागि तिला गाउँपालिका सरकारले बजेट प्रवाह र जनशक्ति परिचालन गरिरहेको सबैविदितै छ।

६) यस महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपङ्तिमा रहेर महत्वपूर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सञ्चारकमी प्रति उच्च सम्मान र आभार प्रकट गर्दछु। यस विषम परिस्थितिमा गाउँपालिका विपद् व्यवस्थापन कोषमा योगदान गर्ने दाताहरू, महामारीको प्रभाव न्यूनीकरणमा खटिनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सामाजिक तथा गैर सरकारी संघ संस्था र बन्दाबन्दी एवं ब्यक्तिगत तथा सामाजिक दूरीको पालना एवं संयमता अपनाई सरकारलाई सहयोग गर्नुहुने आम तिलाबासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस महामारीलाई परास्त गर्ने अभियानमा सबैले आ-आफ्नो स्थानबाट थप महत्वपूर्ण योगदान पुऱ्याउन आह्वान गर्दछु।

७,) यस संकटको घडीमा विदेश र मुलुकका अन्य स्थानहरूबाट सीमानामा आई अलपत्र परेका र बन्दाबन्दीको कारणले समस्यामा परेका नागरिकको सुरक्षा तथा उद्धार गर्नु यस गाउँपालिकाको एक प्रमुख दायित्व हुन आउँछ।

गाउँसभाका सदस्यहरु,

८) चालु आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी संघीयताको नवीन अभ्यासलाई सार्थक बनाउने दिशामा तिला गाउँपालिकाका सबै संयन्त्रहरू क्रियाशील छन्। स्थानीय सरकार गठन भएको छोटो समयमा पनि हाम्रो अथक प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधारका सूचकहरूमा उल्लेखनीय प्रगति हासिल भएको छ।

९) गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड –१९ ले अर्थतन्त्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्नुका साथै तिलाको राजनीतिक, आर्थिक, सामाजिक लगायतका समग्र शासकीय क्षेत्र र विकासमा थप सुधार तथा प्रगति हुने विश्वास

लिएको छु । सरकारी, निजी, सहकारी, विकास साझेदार लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको संयुक्त प्रयास, समन्वय, सहकार्य र साझेदारीबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भई तिला गाउँपालिकाको विकास र समृद्धिमा योगदान पुर्‍याउने अपेक्षा गरेको छु ।

१०) प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन भई कोभिड–१९ को प्रभावबाट देखिएको महामारी नियन्त्रण गरी तिलाबासीको जीवनरक्षा र यस संकटबाट उत्पन्न हुनसक्ने खाद्य संकटको निवारण र शिथिल बनेको आर्थिक गतिविधिलाई पूनर्जीवन दिन सक्षम हुनेछ भन्ने विश्वास लिँदै सर्वपक्षीय सहयोगका लागि अपील गर्दछु ।

सम्मानित गाउँसभाका सदस्यज्युहरु,

अब म यस गरिमामय गाउँसभा समक्ष तिला गाउँपालिकाले आ.व २०७७।०७८ को लागि वजेट, नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

१। मूलभूत नीति तथा कार्यक्रमः

१। स्थानीय तहको शासन संचलन गर्न अत्यावश्यक कानूनहरु तर्जमा भैसकेको र ति कानूनहरु समय अनुसार परिमार्जित गर्दै बाँकी कानूनहरु तर्जुमा गरी सम्मानीत गाउँसभाबाट पारित गराई आम नागरिकलाई गाउँ सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।

२। रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विधुतीय प्रोफाइल (Electronic Profile) निर्माण भैसकेको र गाउँपालिकाको आविधक योजना पनि तयार भएकोले सोही अनुसार योजना सञ्चालन गरिनेछ ।

३। समृद्ध गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ । गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण प्रभावकारी रुपमा गरिनेछ ।

४। बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष, आम जनसमुदायको चाहना, अपेक्षा एवं आवश्यकतालाई दृष्टीगत गरी कार्यक्रम तय गरिनेछ ।

५। कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी, बाली, नगदेवाली, फलफुल, नर्सरीलाई संरक्षण, संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी, फलफुल, नगदेवाली उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

६। विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

७। जडिबुटी र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

८। गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययन नीति अपलम्बन गरिदै आएकोका यसलाई निरन्तर दिईनेछ ।

९। गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबुटी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण सम्वर्द्धन उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरु संग समन्वय गरी अगाडी बढाईनेछ ।

१०। बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

११। सामाजिक सूरक्षा कार्यक्रम तर्फ बाल अनुदान,अ साहाय विधवा महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको भत्ता वितरण कार्यलाई बैङ्किङ प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

१२। परम्परागत रुपमा चलिआएको छुईगोठ केही वस्ती मुक्त भईसकेको र वाँकि वडा तथा वस्तीहरु छुईगोठ मुक्त गरिने लक्ष्य तथा नीतिलाई निरन्तरता दिईनेछ।

१३। गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ।

१४। गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई अझ प्रभावकारी रुपमा लागू गरिनेछ

१५। सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालै सुनुवाई(Rapid Response) गर्ने व्यवस्था गरिनेछ।

१६। पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्य निष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार मुक्त बनाइनेछ।

१७। प्रशासनिक काम कारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ। लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ।

१८। वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिका स्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan) तयार भएकोले उक्त अनुसार योजना लागू गरिनेछ।

१९। सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी सेवा सुविधा, तलब, भत्ता एकरुपता कायम गरिनेछ। कार्यक्रम दोहोरोपन हुन नदिन विशेष व्यवस्था गरिनेछ।

२०। यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी , संघ संस्था, बिभिन्न कृषि समुह महिला समुह, आमा समुह, क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरिनेछ।

२१। गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ। साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ।

२२। रसायन मुक्त क्षेत्र घोषणा गर्न पूर्वाधार तयार गरिनेछ।

२३। आफ्नो वडा, आफैं बनाउँ भन्ने मूल नीतिलाई अवलम्बन गरिनेछ।

२४। गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा पाँच प्रतिशत(Contingency Cost) काटिनेछ

२५। तिला गाउँ पालिका क्षेत्रमा रहेका निरक्षरता तथ्याङक संकलन गरीनिरक्षरता उन्मूलन गरीनेछ।

२६। यस गाउँपालिकामा नयाँ निर्माण गरीने खानेपानी आयोजनाहरू निर्माण गर्दा एक घर एक धाराको नीतिलाई अवलम्वन गरीनेछ।

२७। आगामी शैक्षिक शत्र देखि सम्पुर्ण आधारभूत विद्यालयहरूमा कक्षा १ देखि शुरू हुने गरी अंग्रेजी माध्यम अध्ययन अध्यापन गरीनेछ।

## २। क्षेत्रगत नीति तथा कार्यक्रमः

### १। आर्थिक विकासः

**कृषि तथा पशु विकासः**

- व्यवसायीक तरकारी खेति, बाली खेति, नगदेबाली, फलफुल खेति, नर्सरी खेति विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न सिमी, फापर, आलु उत्पादक किसानहरुलाई पकेट क्षेत्र निर्धारण गरी त्यस क्षेत्रको उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ।

- स्थानीय विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक स्थापना गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ।
- गाउँपालिका क्षेत्र भित्र कृषि प्राविधिकहरुको वाह्रै महिना परिचालन गरिनेछ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गरी उन्नत नश्लको लागि कृषकलाई प्रोत्साहान गरिनेछ साथै पशुपालनका लागि पोषिलो घाँस खेति गर्न उत्साहित गरिनेछ।
- पशुजन्य उत्पालनको गुणस्तर नियन्त्रण तथा नियमन गरी वजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। गुणस्तरीय पशुसेवा विस्तार गरी पशु रोगविरुद्ध खोप कार्यक्रम अभियान सञ्चालनमा जोड दिईनेछ।
- खाद्धय पदार्थको गुणस्तर र नियमनलाई प्रभावकारी वनाईनेछ। खाद्धय स्वच्छ र प्रवर्दनका लागि नियमन गरिनेछ।
- जलवायु परिवर्तन रोग प्रकोप एवं प्राकृतिक विपतबाट कृषि क्षेत्र लगायत मानविय जोखिमलाई न्युनिकरण गरिनेछ। पशुवस्तु तथा वाली विमा विस्तारमा जोड दिईनेछ।
- स्थानीय उत्पादन वृदि रोजगारी सिर्जना गरिवी न्यूनिकरण गर्न सहकारी क्षेत्रको प्रवर्दनमा जोड दिईनेछ। उदेश्य र कार्यक्रम विश्लेषणका आधारमा सहकारी संस्थाहरुलाई एकआपसमा गाभिन प्रोत्साहान गरिनेछ।

२। १ कृषि वस्तुको प्रशोधन गरि प्रशोधित खाध्य वस्तु निर्यात गर्ने नीति लीइने छ |

३। २ कृषि तथा कृषिजन्य उद्यम व्याबसायलाई रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गरिने छ |

४। ३ कृषि उत्पादन, प्रशोधनमा उपलब्ध गराइने सहुलियत र प्राविधिक सेवाको प्रवन्ध गर्न हरेक किसानलाई स्थानीय तह मार्फत सूचीकरण गर्ने कार्यको थालनी गरिने छ |

५। ४ वास्तविक कृषकलाई सरल ढंगले उत्पादनमा अनुदान उपलब्ध गराइने नीति लिईने छ |

६। ५ उच्च मूल्यका कृषि वस्तु ( स्याउ, सिमि, ओखर, कलिमार्सी ) व्याबसायीक उत्पादन गर्न, कृषकहरुलाई प्रोत्साहन गरिने छ |

७। ६ अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिने छ |

८। ७ व्यावसायिक उत्पादन र बजार व्यावास्थाका लागी सहजीकरण गरिने छ |

९। ८ प्राविधिकहरु कृषकको खेत, वारी ,गोठा तथा फर्ममै पुगी कृषि सम्बन्धि प्राविधिक सेवा दिनु पर्ने व्यवस्था मिलाईने छ |

१०। ९ जलवायु परिवर्तन, रोगको प्रकोप एवम् प्राकृतिक विपत बाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्युनी कारण गरिने छ |

११। १० आधारभूत खाध्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

१२। ११ मल, विउ, बेर्ना कृषि उपकरण लगायतका आधारभूत कृषि सामग्री समयमै उपलब्धता सुनिश्चितगरिनेछ।

१३। १२ कृषि उत्पादन वृद्धि गर्न साना सिचाई आयोजना संचलान गरिनेछ |

१४। १३ परम्परागत मौलिक बालीको विकासमा प्रोत्सान गरिनेछ |

१५। १४ अर्गानिक कृषि उत्पादन र कृषि उपजको बजारीकरणमा सहयोग गरिनेछ |

१६। १६ उत्पादन लाई मध्ये नजर गरेर एक क्षेत्रलाई एक उत्पादनको क्षेत्र विस्तार गरिने छ |

१७। १७ कृषि लाई यान्त्रिकरण तर्फ लैजाने कार्य थालनी गरिने छ |

१८। १८ बाझो जमिन प्रयोजनको लागी सहकारी खेती विस्तार गरिने छ |

१९। १९ बाझो जमिन प्रयोजनको लागी एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गरिने छ |

**सहकारीः**

- **गुणस्तर निर्धारण गर्ने संस्थागत क्षमता विकास गरि सवै सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गरिनेछ । सवै सहकारी संस्थाहरुलाई गाउँपालिकाले समन्वय र सहकार्य गर्ने व्यावस्था मिलाईने ।**
- **श्रमिक सहकारी मार्फत निरन्तर रुपमा उपयुक्त पारिश्रमिक सहितको मर्यादित रोजगारीको व्वस्था गर्न पहल गरिनेछ । यसैगरी उत्पादन सहकारी मार्फत वस्तु उत्पादन प्रसोधन , ग्रेडिङ , लेवलिङ, प्याकेजिङ र भण्डारण पस्चात वजारीकरण मूल्य श्रृखला सिर्जना गर्नु पर्ने हुन्छ यसका लागि प्रदेश स्तरमा सहकारी संयन्त्र निर्माण गर्न पहल गरिनेछ ।**

- **स्थानीय स्तरका सवै व्यपारिक फर्म तथा पसलहरुलाई अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।**
- **स्थानीय स्तरका व्यापारीहरुलाई उपभोग्य खाद्य वस्तु आपूर्ति प्रणालीमा सुधार एवं भण्डारण क्षमतामा वृदि गर्न र आन्तरिक वितरण प्रणाली सुदृढ गर्न प्रोत्साहान गरिनेछ ।**
- गाउँपालिका भित्रका सहकारीहरु दर्ता, नविकरण तथा आवश्यकता अनुसार क्षमता वृद्धिका कार्यक्रमहरु गरिनेछ प्रभावकारी अनुगमन गरिनेछ ।
- लघु उद्यम प्रवर्दनका लागि गाउँपालिका स्तरमा १ लघु उध्धम स्थापना गरी संचालनमा ल्याईने छ ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्र औजार सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइने ।
- बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगार मुखी सिप प्रदान गरिने ।
- युवा स्वरोजगार तथा उधम शिलता विकासका लागि युवा उद्यमशिलता कार्यक्रम संचालन गरीनेछ ।

**उद्योग तथा बाणिज्यः**

- स्थानीय उद्योग धन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- वनस्पति तेल उत्पादन गर्न लघुउद्योग स्थापना गरिनेछ

**पर्यटनः**

- तिला गाउँपालिकाको पर्यटन योजना निर्माण भैसकेकोले कार्यान्वयनमा ल्याईनेछ ।
- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथा सम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवद्धन गर्न तिला गाउँपालिकाको पर्यटन योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । त्रिवेणि, नदै खोप्रीलाई धार्मिक पर्यटनको क्षेत्रको रुपमा प्रवद्धन गरिनेछ

**सामाजिक बिकासः**

**शिक्षा**

१. तत्काल कोरोनाको प्रभावबाट अबरुद्ध पठनपाठनमा जोड दिनका लागि बैकल्पिक शिक्षण क्रियाकलापमा जोड दिइने छ ।
२.प्रत्येक माबि लाई प्रबिधिमैत्री बनाउन स्रोत साधनको ब्यबस्था मिलाईने छ ।
३. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अभिभावक शिक्षामा जोड दिनेखालका कार्यक्रम संचालन गरिने ।
४ शिक्षाको पालिकास्तरीय प्रोफाइल तयार गरि शैक्षिक योजना निर्माण गर्ने ।

५. उच्च शिक्षा अध्ययनका लागि पालिकास्तरिय छात्रवृत्ति कार्यक्रम संचालन गर्ने ।
६. सामुदायिक विद्यालय मर्जका लागि प्रोत्साहन कार्यक्रम संचाल्न गर्ने ।
७. इसिडी सहजकर्ताका लागि प्रोत्साहनको कार्यक्रम संचालन गर्ने ।
८. पालिका भित्रको उच्च शैक्षिक उपलब्धी हासिल गर्ने सामुदायिक माध्यमिक विधालयलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने ।
९ प्राबिधिक धार संचालनमा आएका सामुदायिक बिद्यालयको भौतिक पुर्बाधार निर्माण सहायता कार्यक्रम संचालन गर्ने ।
१०. साक्षर गाउँपालिका अभियान कार्यक्रम संचालन गर्ने ।
११. प्रधानाध्यापकको नेतृत्व क्षमता बिकास कार्यक्रम संचालन गर्ने ।
१२. पालिकास्तरिय शिक्षा निति निर्माण गर्ने ।
१३. पालिकाभित्रका प्रत्येक सामुदायिक विद्यालयलाई कार्यालय ब्यबस्थापन र संचालन सम्बन्धि कार्यक्रम संचालन गर्ने ।
१४ तत्काल बिदेशबाट फर्किएका सिपयुक्त जनशक्तिलाई मध्यनजर गरि छोटो अवधिको रोजगार कार्यक्रम संचालनमा जोड दिने ।
१५ शैक्षिक बेरोजगारहरु लाई मध्यनजर गरि छोटो अबधिका रोजगार लक्षित कार्यक्रम संचालन गर्ने ।
१६ गाउँपालिका भित्र नमुना अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न आधारभुत तहमा सबै विद्यालयमा कार्यक्रम थप गरीनेछ। जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।
१७ विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी निर्धारण गरी आवश्यकताको आधारमा शिक्षक परिपूर्ति गरिनेछ । साथै शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा विद्यालय आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
१८ गाउँ बस्ति टोलमा रहेका १५ वर्ष माथिका निरक्षर जनसंख्याको लागत संकलन गरी अनौपचारिक शिक्षा प्रदान गरी गाउँपालिकालाई साक्षर गाउँपालिका स्थापना गर्ने अभियान सन्चालन गरिनेछ ।
**१९** आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
**२०** यस गाउँपालिकामा कम्तिमा एक आवाशीय प्राविधिक शिक्षालय र एक स्नातक तह सम्मको अध्ययन अध्यापन गराउने क्याम्पस स्थापनाको लागि आवश्यक तयारी अघि बढाइनेछ र सामुदायिक विद्यालहरूमा प्राविधिक तथा व्यवसायिक कक्षा संचालनका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।
२१ विद्यार्थी नभएका, शिक्षक संख्या कम भएका विद्यालयहरुलाइ जनसंख्या, भूगोल, दुरीको आधारमा मर्ज गरिने नीति अवलम्वन गरिनेछ ।
**२२** प्रत्येक वडाहरुमा युवा क्लव निर्माण गरी युवा संसद कार्यक्रम सञ्चालन गरी समाज रुपान्तरणमा युवा साझेदारीताको नीति लिईनेछ ।
२३ युवासँग अध्यक्ष कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।
२४ आगामी आ व मा साक्षार तिला घोषणा गर्नका लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
२५ सामुदायिक विद्यालयमा नमुना अंग्रेजी माध्यमबाट अध्ययन सुरु भएकोमा यसलाई थप गर्ने नीति लिईनेछ ।
२६ बिभिन्न बिद्यालयको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।
२७ उच्च शिक्षा संचालनका लागि आवश्यक पहल तथा तयारी गरिनेछ ।
२८ सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिपको शैक्षिक कार्यक्रम संचालन गरीनेछ ।

**स्वास्थ्यः**

१) सुनौलो हजारदिनका लागि गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइने छ ।
२) महिला स्वास्थ्य क्षेत्रको पहिलो खुड्कीलो महिला स्वास्थ्य स्वयमसेविकालाई काम गर्न हौसला बढाउनका लागि उत्प्रेरित गर्ने खाले कार्यक्रम सञ्चालन गरिनेछ ।
३) आगामी बर्षमा नियमित रुपमा स्वास्थ्य संस्थामा गर्भजाँच गर्नुका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने दरलाई बढाउदै घरमा सुत्केरी हुने कार्यलाई निरुत्साहित बनाइने नीति अवलम्बन गरिनेछ ।
४) महिला स्वरोजगार सिर्जना गर्नको लागि ढाँका उद्योग औपचारीक रुपमा दर्ता गरेर सञ्चालनमा ल्याईनेछ । यसअघि ढाकाको विभिन्न सामाग्री बनाउने तालिम उपलब्ध भइसकेको छ । उनीहरुलाई पुर्न ताजगी तालिम प्रदान गरिनेछ ।
५ ) यहाँको धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यावरणीय पर्यटक स्थलको संरक्षण गर्दै पर्यटक आवागमन गर्ने वातावरण सिर्जना हुनेछ ।

६) 'मेरो साथी पर्यटक, हाम्रा पर्यटकीय स्थल कार्यक्रम' सञ्चालन गरेर पर्यटकहरुलाई आकर्षित गरिनेछ। जसको लागि यहाँको सबै पर्यटकीय अभिलेखिकरण गरिनेछ।
७)बेरोजगार युवाहरुको लगत संकलन गरेर उनीहरुलाई रोजगारी सिर्जना पहल गरिनेछ।
८ स्वास्थ्य शिक्षा लैंगिक समानता एवं अन्य सामाजिक तथा सांकृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वास्थ शिक्षित न्यापूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गर्ने व्यवस्था गरानेछ।
९ कार्यक्रम तथा आयोजनाहरुको पुन प्राथामिकीकरण गर्ने , फजुल खर्च रोक्ने , वित्तिय अनुशिन कायम गर्ने , उत्पादनशील तथा रोजगामूलक क्षेत्रमा लगानी केन्द्रीत गर्ने नीति लिईनेछ।
१० भ्रष्टाचार निवारण, सेवा प्रवाहमा सुधार, शान्ती सुव्यवस्थाको सुदृधिकरयण, सुशासन र प्रवर्दन गर्ने व्यवस्था गरिनेछ।

११ तिला गाउँपालिकालाई कोभिड १९ महामारी मुक्त गाउँपालिका वनाउन पहिलो प्राथमिकता भएकोले महामारी रोगथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजकताको नियम पालना गर्ने गराईनेछ।

१२ यस गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य शिक्षा खानेपानी तथा सरसफाई क्षेत्रमा सवै नागरिकको समतामूलक पहुँच सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालनमा जोड दिईनेछ। यसका लागि आवश्यक पूर्वधारको विकास गरिनेछ।

१३ स्थानीय तहका सवै वडाहरुमा पूर्ण खोप सेवा उवलब्ध गरि पूर्ण खोप वडा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४ सरुवा रोग रोकथाम , नियन्त्रण, उपचार एवं स्वास्थ्य विपत व्यवस्थापनको तयारी तथा प्रतिकार्य योजना तयार गर्ने र पच्चीस शैयाको गाउँपालिका स्तरिय सुविधा सम्पन्न अस्पतालको स्थापना गर्न पहल गरिनेछ।

१५ स्वास्थ्य संस्थाहरुमा औषधी तथा सर्जिकल सामानको अभाव हुन नदिन आवश्यक प्रवन्ध मिलाईनेछ।

१६ महिला स्वास्थ्य स्वय सेविकाको रेकडिङ रिपोटिङमा सुधार ल्याउन क्षमता विकास तालिमको व्यवस्था मिलाईनेछ।

१७ स्वास्थ्य संस्था सुधारका कार्यक्रम सञ्चालन गरी फोहोर मैला व्यव्सथापन, संस्था सुधारमा व्यवस्थापन मिलाईनेछ।

१८ संस्थामा कार्यरत पामामेडिक्स तथा नर्सिङ स्टाफको विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१९ स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई सक्षम वनाई विद्यालय स्वास्थ्य कार्यक्रम जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम , गाउँघर क्लिनिक कार्यक्रमको व्यवस्था मिलाईनेछ।

२० विश्व माहामारीका रुपमा रहेको कोभिड १९ सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै पोषिलो आहारमा जोड दिने नीति लिईनेछ।

२१ स्वास्थ्य क्षेत्रमा कार्यर सवै कर्मचारीहरुलाई उच्च मनोवलकासाथ काम गर्ने वातावरण मिलाईनेछ।

२२ स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ।

२३ स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ। कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।

२४ हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ।

२५ गाउँमै बसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वियन गरिनेछ।

२६ वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।

२७ स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रवर्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ।

२८ जेष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान घरघरमा गई नियमित रुपमा परिक्षण गरी सेवा प्रदान गरीनेछ।

**२९** सम्पूर्ण विद्यालयका छात्र छात्राहरूलाई मासिक रूपमा नियमित स्वास्थ्य परिक्षण गरी सेवा प्रदान गर्नका लागि विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरीने छ।

**३०** स्वास्थ्य सेवा पहुँचमा नरहेका वडा र वडाका वस्तीमा स्वास्थ्य सेवा पहुँच बृद्दि गरीनेछ।

**खानेपानी तथा सरसफाईः**

स्वच्छ खानेपानिमा तिलाबासीको पहुँच अभिवृद्धि गरिनेछ। कम्तिमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव रुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ। एक घर एक धारा नीति अवलम्वन गरिनेछ।

**संस्कृति प्रवर्द्धनः**

तिला गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ। गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवर्धनका लागि अभिलेखिकरण दस्तावेजीकरण गरिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

**१** लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ।

**२** यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ।

**३** महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रम संचालन गरीनेछ।

**भौतिक पूर्वाधार विकासः**

**सडक तथा पुलः**

**१** गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ उक्त सडक मापडण्ड अनुसार निर्माण गरी नक्सा जाँच पास गरी निर्माण गिरनेछ।

**२** गाउँपालिका भित्र आवश्यक क्षेत्रमा झोलुङ्गे पुल, बेली ब्रिज र पक्की पुल निर्माणको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।

**३** सडक तथा ग्रामिण सडक निर्माण गर्दा बाटोमा परेको जग्गाको लगत अनिवार्य रुपमा लगत कट्टा गरीने छ।

**४** गाउँपालिका क्षेत्रभित्र सडक लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिबाट निर्माण गरिने कार्यका लागि डोजर लगायतका उपकरण प्रयोग गर्दा दररेटमा एकरुपता कायम गरीनेछ।

५ ुचिनौ आफ्नै माटो, वनाऔ आफ्नै गाउँ ु अभियान सञ्चालन गरी गाउँका युवाहरुलाई विकास निर्माण र विभिन्न वप्यवसायमा आवद्द हुन उत्प्रेरित गरिनेछ।

**सिंचाई**

खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन सिचाइ टंयाङकी निर्माण गरी मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीन लिफ्ट सिंचाई प्रविधको लागि सम्भाव्यता अध्ययन भईसकेकोले कार्यन्वयनमा ल्याईनेछ। लिप्ट सिंचाइलाई समेत पहिलो प्राथमिकता दिईनेछ।

**भवन तथा शहरी विकासः**

१ गाउँपालिका क्षेत्रमा व्यवस्थित शहरी विकास गर्न व्यवस्थित गुरु योजना, भूउपयोग योजना लगायतको नीति अबलम्वन गरिनेछ।

२ गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण भवन तथा घर निर्माण गर्दा अनवार्य नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाइनेछ।

३ गाउँपालिका क्षेत्रभित्र बनेका सम्पूर्ण घरहरुको हालको अवस्था तथ्याङक संकलन गरि अभिलेखिकरण गरीनेछ।

## जलविद्युत

१ तिला गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन आवश्यक पर्ने उर्जा क्षेत्रमा सम्पुर्ण गाउँपालिकाबासीलाई पर्याप्त पुग्ने ३०० किलोवाट ९घण्ण्छ० सम्मको तिला साना जलविधुत पुरु संचालनमा ल्याईनेछ भने अन्य गाउँपालिकालाई पनि विद्युत उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आय सिर्जना गर्ने तिलाखोला साना जलविधुत तुही (९८७) किवा मेगा हाइड्रो प्रोजेक्ट ९:भनब ज्थमचय एचयवभअत० संचालनमा ल्याइनेछ। यसको सम्भाव्यता अध्ययन भईसकोले अगाडी बढाउन पहल गरिनेछ। विधुत उत्पादनको लागि आवश्यक जुनसुकै विधि र प्रकृया अवलम्बन गरीनेछ। निजी तथा सहकारी क्षेत्रलाई विद्युत उत्पादनमा आकर्षित गरिनेछ। यस क्षेत्रमा गाउँपालिका वासीको लगानीलाई प्रोत्साहित गरिनेछ। वैकल्पिक उर्जाको प्रयोगलाई बढावा दिइनेछ।

२ विधुत लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा वातावरणीय तथा जलीय संरक्षणमा विशेष ध्यान दिईनेछ।

**संचारः**

गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम तिलाबासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग विशेष पहल गरी पहुँच वृद्धि गरिनेछ।तिला गाउँपालसकालाई संचारको पहुँचमा वृद्धि गर्न सवै वडाहरुमा इन्टरनेटको जडानमा विशेष जोड दिईनेछ।

**वातावरण तथा विपद् व्यवस्थापनः**

**वन तथा भूसंरक्षणः**

१ तिला सरकारले वन सुरक्षा वृक्षा रोपण र वन विभिधिकरणको बाटोबाट वातावरणीय जोखिम न्यु गरी वनको वहुउपयोगी नीति लिईनेछ। वन र जैविक विविधता संरक्षण र विकासलाई सरकारले उच्च महत्व दिनेछ।

२ आगामी वर्ष तिला सरकारले धरातल तथा जलपायु अनुकूलन वृक्षारोपण वन विकास र वन उपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रमहरु सञ्चान गरिनेछ। सवै वडामा कम्तिमा एक नमूना वन विकास कार्यक्रम कार्यन्वयन गर्नेछ।

३ सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ।

४ पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ।

५ वातावरण सन्तुलनका लागि एक घर एक रुखको निति अवलम्वन गरी हरीयाली तिला वनाईनेछ।

६ सडक छेउछाउमा रुखहरु लगाई हरियाली वनाईनेछ।

७ कर्णाली राजमार्गमा रहेका वजारहरुको फोहर व्यस्थापन गर्न ढल निकासीको निति लिईनेछ।

**जलवायु परिवर्तनः**

८ गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ।

**फोहोरमैला व्यवस्थापनः**

९ मेरो फोहर मेरो जिम्मेवारि भन्ने मूल नाराका साथ वजार सुधार गरिनेछ।

१० गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणको लागि थप गरिनेछ।

**विपद् व्यवस्थापनः**

११ गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ।

द। **संस्थागत विकास तथा सेवा प्रवाहः**

**मानव संशाधन विकासः**

१ गाउँपालिकाका उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२ शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र आवश्यक मानव संशाधनलाई आवश्यक नीति नियम कार्यविधि वनाई परिपूर्ति गरिनेछ।

३ कर्मचारीहरुलाई क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ।

४ गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरुप्रति पछक पटक दर्व्यवहारको काम गर्ने , मनोवल गिरायने जस्ता गतिविधिहरु भैरहेको अवश्थालाई मध्यनजर गर्दै कर्मचारीको मनोवल उच्च राख्न सुरक्षाको प्रत्याभूति दिलाईनेछ।

५ यस गाउँपालिकामा ओ एण्ड एम सर्भे गरी प्रत्यक वडा कार्यालय , विषयगत शाखा र स्वास्थ्य चौकीहरुमा न्यूनतम १।१ जना कार्यालय सहयोगीको दरवन्दी सिर्जना गर्ने पहल गरिनेछ।

**संस्थागत क्षमता विकासः**

६ एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक सेवा प्रवाह गर्नपहल गरिनेछ।

७ पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अन लाईन सप्टवयर तालिमको व्यवस्था अनिवार्य गरिनेछ।

८ कार्यालयको नियमितता तथा व्यवस्थित गर्नका लागि गाउँपालिकामा रहेका माध्यामिक विद्यालय तथा वडाकार्यालयहरुमा ईलोक्ट्रोनिक हाजिर व्यवस्था गरीनेछ।

९ यस गाउँपालिकाको न्यायीक समिति र वडा स्तरका मिलमिलापकर्ताहरुको न्याय सम्पादन गर्न सजिलोका लागि ४८ घण्टे तालिमको व्यवस्था मिलाई सक्षम वनाईनेछ।

**संस्थागत पूर्वाधारः**

१० वडा कार्यालय भवन निर्माणका लागि इच्छुक स्थानीय जग्गादाताबाट जग्गा लिइ नेपाल सरकारको अनुदान तथा प्राविधिक सहयोग लिइनेछ।

११ वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ।

१२ नागरिक वडापत्र प्रणालीः

गाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

**सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

१३ गाउँपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ।

आ। **वित्तीय व्यवस्थापनर सुशासनः**

१ **राजस्व परिचालनः**

२ एक महिना भित्र गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने।

३ आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुत्त पहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना बिस्तार गरिनेछ।

४ एकीकृत सम्पत्ति कर असुली व्यवस्थित गर्न सूचना प्रविधि अवलम्वन गरी अभियान संचालन गरिनेछ।

म। **सामाजिक बिकासः**

महिला तथा वालवालिकाः

१ महिला वालवालिका अपांग भएका व्यक्ति र जेष्ठ नागरिक सम्वन्धी कार्यक्रम सञ्भालन गरी अभिलेखन गरिनेछ।

२ महिला हिंसा मानव वेचविखन र ओसार पसारको जोखिमलाई घटाउन चेतनामूलक कार्यक्रम सञ्चलन गरिनेछ लैंगिक विभेद र सवै प्रकारका कुरिती तथा कुसंस्कारको न्युनिकरणका लागि सवै सरोकारवालासँग सहकार्य र समन्वय गरि सामाजिक रुपान्तरणको अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३ अशक्त, असाहाय , वेसाहारा , जेष्ठ नागरिकलाई उच्च प्राथामिकताका साथ संरक्षण गरिनेछ र स्वास्थ्य उपचार लगायत अन्य सेवा सुविधामा जोड दिईनेछ।

४ अपांगता परिचय पत्र वितरण कार्यविधि तयार गरी परिचय पत्र वितरण कार्यलाई तिव्रता दिईनेछ।

**बेरुजु फर्छ्यौटः**

५ यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ। समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ। वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ।

**सार्वजनिक सुनुवाईः**

गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ।

**६** सम्मानित गाउँसभाका सदस्य ज्यु हरु,

अब म यस गरिमामय सभामा आगामी आ.ब ०७७।०७८ मा सञ्चालन गरिने कार्यक्रमको लागि संक्षेपमा प्रस्तावित वजेट प्रस्तुत गर्न चाहन्छु।

आगामी आर्थिक वर्षका लागि देहाय अनुसार आय अनुमान गरेको छु।

१ **केन्द्रिय सरकारको वित्तीय समानीकरणबाट प्राप्त अनुदान रु ९ करोड ६३ लाख।**

**२ संघिय शसर्त पूजिँगत अनुदान रु १५ करोड ८५ लाख।**

**३ संघिय विशेष पूँजिगत अनुदान रु २ करोड।**

**४ संघीय समपूरक पूँजिगत अनुदान रु १ करोड ४ लाख।**

**५ संघीय राजश्व वाँडफाँड अनुदान रु ६ करोड ४६ लाख २४ हजार।**

**६ गाउँपालिकाको आन्तरिक राजश्व रु २१लाख ६० हजार अनुमान गरेकोछु।**

**७ गत आ व को अ ल्या रु १ करोड ५० लाख सहित**

८ प्रदेश सरकारबाट प्राप्त अनुदान रु ३ करोड ४० लाख ९६ हजार प्राप्त हुनेछ।

यसरी सवै **क्षेत्रको जोड जम्मा रु ४० करोड १० लाख ८० हजार कुल आय अनुमान गरेकोछु।**

अव **व्यय तर्फ**

**१ चालु तर्फ रु ६ करोड ४५। लाख विनियोजन गरेको छु।**

**२ शसर्तमा रु १५ करोड ८५। लाख विनियोजन गरेकोछु भने**

**३ पूँजिगत खर्चमा रु १४ करोड ३९ लाख ८४ हजार रकम विनियोजन गरेकोछु।**

प्रदेश सरकारबाट प्राप्त अनुदान वजेटलाई निम्न योजनामा रकम छुटयाईएको छ।

१ प्रदेश वित्तीय समानिकरण अनुदान रु १ करोड ९६ लाख।

२ सरस्वती मा वि भवन निर्माण कुडारीको लागि रु ३० लाख।

३ घाँसे वडार स्याउ बगैचा सिंचाई आयोजना तिला ९ मा रु २० लाख

४ हाँती भिड मुहान हुँदै जुम्लाकोट गाउँसम्म खानेपानी योजना तिला ८ मा रु २० लाख।

५ रारालिही हेल्थपोष्ट निर्माणमा रु २० लाख।

६ नुवाकोट सोलार लिफ्ट योजनामा रु २० लाख।

७ गाउँपालिका भवन निर्माण अगाडी पट्टीको भाग वनाउन रु १ करोड ३० लाख ।

कूल जम्मा रु ३ करोड ४० लाख ९६ हजार व्यय हुनेछ ।

व्यय तर्फको वुंदा नं २ को शसर्त अनुदान र वुंदा नं ३ को पूँजिगत अनुदानलाई विभिन्न विषयगत र क्षेत्रगत रुपमा देहाय अनुसार रकम प्रस्ताव गरेको छु ।

**क भौतिक पूर्वाधार विकासमा**

पूर्वाधार तर्फ सडक, पुल, सिचाइ ,लघु तथा साना जलविधुत, संचारमा रु २४ करोड ५९ लाख ८४ हजारप्रस्ताव विनियोजन गरेकोछु ।

**ख आर्थिक विकासमा**

- कृषि, तर्फ ५० लाख ।
- पशुविकास तर्फ रु ३० लाख विनियोजन गरेको छु ।
- पर्यटन संस्कृति विकासमा रु १० लाख।
- उद्योग मेडपा तिर रु २० लाख ।

**ग सामाजिक विकासमा**

- शिक्षा तर्फ रु ४० लाख ।
- स्वास्थ्य तर्फ रु १ करोड ।
- महिला तथा वालवालिका तर्फ रु ४० लाख।
- पोषणमा रु ३० लाख।
- अपांग तर्फ रु ५ लाख ।
- युवासँग अध्यक्ष कार्यक्रम रु १५ लाख
- लक्षित वर्ग रु ३० लाख

**घ सुशासन तथा संस्थागत विकासमा**

- मानव संशाधन विकास, संस्थागत विकास, राजश्व परिचालन, सेवा प्रवाह विधुतीय सूचना प्रर्णाली र पंजिकरण व्यवस्थापन गर्न नागरिक सन्तुष्टि सर्भेक्षण,सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण गर्न रु ७५ लाख विनियोजन गरेकोछु ।

**ङ वन वातावरण तथा विपद व्यवस्थापन**

- वन व्यवस्थापन, भूसंक्षण ,जलाधार संरक्षण, फोहर व्यवस्थापन आदिको लागि २० लाख विनियोजन गरेकोछु ।
- विपत व्यवस्थापन कोषमा रु १० लाख र प्रकोप व्यवस्थापन कोषमा रु ९० लाख विनियोजन प्रस्ताव गरेकोछु ।

अन्तमा, स्थानीय सरकारको समग्र बिकासको फराकिलो आधार निर्माण गर्नको लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने स्थानीय तह बिषयगत समिति, विज्ञ समूह, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवि नागरिक,

सञ्चारकर्मी, विकास साझेदार संघ संस्था र सम्पूर्ण तिला बासीप्रति धन्यबाद ज्ञापन गर्दै अन्तर हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

**विष्णु बुढा**
**उपाध्यक्ष**
**तिला गाउँपालिका, जुम्ला**